(संवत् २०८० साल मङ्सिर मसान्तसम्म भएका संशोधन मिलाइएको)

# मध्यस्थता (अदालती कार्यविधि) नियमावली, २०५९

| | |
|---|---|
| | राजपत्रमा प्रकाशित मिति |
| **संशोधन** | २०५९।५।१७ |
| मध्यस्थता (अदालती कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७० | २०७०।४।१४ |

मध्यस्थता ऐन, २०५५ को दफा ४३ ले दिएको अधिकार प्रयोगगरी सर्वोच्च अदालतले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "मध्यस्थता (अदालती कार्यविधि) नियमावली,२०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले मध्यस्थता ऐन, २०५५ सम्झनु पर्छ ।

(ख) "संयुक्त इजलास" भन्नाल ✤पुनरावेदन अदालत नियमावली, २०४८ बमोजिमको संयुक्त इजलास सम्झनु पर्छ ।

(ग) "रजिष्ट्रार" भन्नाले उच्च अदालतको रजिष्ट्रार सम्झनु पर्छ ।

(घ) "कानून व्यवसायी" भन्नाले प्रचलित कानून बमोजिम कानून व्यवसायीमा दरिएको व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद-२
## लिखत दर्ता सम्बन्धी व्यवस्था

३. **लिखतमा पुऱ्याउनु पर्ने रीत** : (१) यस नियममा उल्लिखित कुराहरुको अतिरिक्त उच्च अदालतमा दर्ता हुने लिखतमा पुऱ्याउनु पर्ने रीत सम्बन्धी सामान्य कुराहरुको हकमा ✤ पुनरावेदन अदालत नियमावली, २०४८ को परिच्छेद-३ मा गरिएको व्यवस्था लागू हुनेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

✤ हाल उच्च अदालत नियमावली, २०७३ लागू भएको ।

(२) यस नियममा उल्लिखित कुराहरुको अतिरिक्त जिल्ला अदालतमा दर्ता हुने लिखतमा पुऱ्याउनुपर्ने रीत सम्बन्धी सामान्य कुराहरुको हकमा ♦जिल्ला अदालत नियमावली, २०५२ को परिच्छेद-४ मा गरिएको व्यवस्था लागू हुनेछ ।

४. **अदालतमा लाग्ने दस्तुर** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उच्च अदालतमा निवेदन वा उजूरी वा लिखित जवाफ दर्ता गर्दा देहाय बमोजिम दस्तुर लाग्नेछ :-

(क) ऐनको दफा ७ वा ८ अन्तर्गत दिइने मध्यस्थ नियुक्ति सम्बन्धी निवेदन तथा सो उपर लिखित जवाफ पेश गर्दा पाच सय रुपैयाँ,

(ख) ऐनको दफा ११ वा १६ बमोजिम दर्ता हुने उजूरी वा निवेदनको हकमा एक हजार रुपैयाँ र सो उपर लिखित जवाफ पेश गर्दा पाँच सय रुपैयाँ,

(ग) ऐनको दफा २१ र दफा २५ अन्तर्गत दर्ता हुने निवेदनको हकमा पाँच सय रुपैयाँ र सो उपरको लिखित जवाफ पेश गर्दा दुई सय पचास रुपैयाँ,

(घ) ऐनको दफा ३० अन्तर्गत मध्यस्थको निर्णय बदर गरी पाउँभन्ने निवेदनको हकमा मध्यस्थद्वारा ठहर भएको बिगोको ०.५ प्रतिशतले हुन आउने रकम,

(ङ) खण्ड (क), (ख), (ग) र (घ) मा उल्लेख भएदेखि बाहेकका अन्य निवेदनहरुको हकमा पाँच सय रुपैयाँ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवेदक वा उजूरीकर्ता वा लिखित जवाफ प्रस्तुतकर्ता कुनै सरकारी कार्यालय भएमा सो कार्यालयलाई मध्यस्थको तर्फबाट अदालतमा पेश हुने कुनै लिखत वा जवाफको हकमा मध्यस्थलाई कुनै दस्तुर लाग्ने छैन ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## परिच्छेद-३

## मध्यस्थ नियुक्ति सम्बन्धी कार्यविधि

५. **मध्यस्थको नियुक्ति** : (१) कुनै पक्षले ऐनको दफा ७ को उपदफा (१) बमोजिम मध्यस्थ नियुक्तिको लागि उच्च अदालतमा निवेदन दिँदा देहायका कुराहरु खुलाउनु पर्छ :-

(क) निवेदक र विपक्षीको नाम, थर, वतन र कारोबारको ठेगाना सहित सूचना तामेल गर्न सहायक हुने अन्य विवरण,

---

♦ हाल जिल्ला अदालत नियमावली, २०७५ लागू भएको ।

(ख) विवादको संक्षिप्त व्यहोरा,

(ग) प्राप्त गर्न खोजेको उपचार,

(घ) निवेदन दर्ता गर्नु पूर्व नियुक्त भएको मध्यस्थको नाम र ठेगाना,

(ङ) ऐनको दफा ७ को उपदफा (१) मा उल्लेख भए बमोजिम सम्झौतामा उल्लेख भएको प्रक्रिया अपनाउदा मध्यस्थ नियुक्त हुन नसकेको वा सम्झौतामा मध्यस्थ नियुक्त गर्ने सम्बन्धमा कुनै कुरा उल्लेख नभएकोमा सो कुरा,

(च) मध्यस्थ हुन सक्ने कम्तीमा तीन जना व्यक्तिको नाम, थर, वतन, पेशा, निजहरुको विशेषज्ञता क्षेत्र र निजहरुको मध्यस्थ हुन सहमति रहेको कुरा,

(छ) निवेदक र विपक्षी बीच भएको सम्झौताको प्रतिलिपि संलग्न छ भन्ने कुरा,

(ज) अर्को पक्षलाई पठाउन निवेदनको प्रतिलिपि संलग्न रहेको कुरा ।

(२) ऐनको दफा ८ को उपदफा (२) बमोजिम मध्यस्थ नियुक्तिका लागि निवेदन दिँदा उपनियम (१) मा उल्लेख भएका कुराहरुका अतिरिक्त मध्यस्थताको लागि नियुक्त भएको व्यक्तिले राजीनामा दिएको वा मध्यस्थ हुन इन्कार गरेको वा निजको मृत्यु भएको वा अन्य कुनै कारणले निजको स्थान रिक्त हुन गएको भए सो कुरा र सो सम्बन्धी प्रमाण समेत खुलाउनु पर्छ।

(३) उपनियम (१) अनुसार निवेदन प्राप्त भएपछि उच्च अदालतले निवेदनमा माग भए बमोजिमको उपचार किन प्रदान नगरिनु पर्ने हो भन्ने बारे कुनै कारण भए लिखित जवाफ र प्रमाण सहित सूचना प्राप्त भएको मितिले बाटाको म्याद बाहेक दश दिनभित्र उपस्थित हुनु भनी निवेदनको प्रतिलिपि संलग्न गरी अर्को पक्षका नाममा सूचना जारी गर्नेछ ।

(४) मध्यस्थको नियुक्तिको लागि निवेदन दर्ता भए पछि अर्को पक्षले सम्झौता वा ऐन बमोजिम मध्यस्थ नियुक्त गरेमा सो कुराको लिखित जानकारी उच्च अदालतलाई दिनु पर्छ ।

(५) उपनियम (४) बमोजिम मध्यस्थ नियुक्त भएको जानकारी प्राप्त भएमा उच्च अदालतले सो कुराको सनाखत गराई उपनियम (१) बमोजिम परेको निवेदन तामेलीमा राखी सो कुराको सूचना निवेदक तथा सम्बन्धित मध्यस्थलाई दिनेछ ।

(६) उपनियम (५) को अवस्थामा बाहेक उच्च अदालतले उपनियम (३) बमोजिम लिखित जवाफ प्राप्त भएपछि वा सो पेश गर्ने म्याद भुक्तान भएपछि मध्यस्थ हुने व्यक्तिका सम्बन्धमा सबै पक्षको मतैक्य भएमा निजहरुले प्रस्ताव गरेको व्यक्तिलाई र मतैक्य हुन नसकेमा आफूले उपयुक्त ठहऱ्याएको व्यक्तिलाई ऐनको दफा ७ र ८ मा उल्लिखित म्यादभित्र मध्यस्थ नियुक्त गरी उपनियम (१) बमोजिम परेको निवेदनको टुङ्गो लगाउने छ।

(७) उपनियम (६) बमोजिम उच्च अदालतले निवेदनको टुङ्गो लगाउनु पूर्व निवेदक वा विपक्षीबाट विवादित विषयमा थप जानकारी वा स्पष्टीकरण लिन सक्नेछ ।

(८) उच्च अदालतले उपनियम (६) बमोजिम मध्यस्थ नियुक्त गर्दा वा उपनियम (९) बमोजिम तेस्रो मध्यस्थ नियुक्त गर्दा ऐनको दफा १० मा उल्लेख भएका कुराका अतिरिक्त मध्यस्थ नियुक्त हुने व्यक्तिको मध्यस्थ हुनमा सहमति रहे वा नरहेको भन्ने कुरा तथा नियम ६ को उपनियम (५) मा उल्लिखित कुराहरु उपर समेत विचार पुऱ्याई निर्णय गर्नेछ ।

(९) उपनियम (५) वा (६) बमोजिम सम्झौताका पक्षको तर्फबाट नियुक्त हुनु पर्ने मध्यस्थ नियुक्त भै तेस्रो मध्यस्थ नियुक्त हुन बाँकी रहेको स्थितिमा सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उच्च अदालतले मध्यस्थहरुलाई तेस्रो मध्यस्थ नियुक्त गर्न सात दिनको म्याद दिनेछ । सो अवधिभित्र निजहरुले तेस्रो मध्यस्थ नियुक्त गर्न नसकेमा मध्यस्थ र पक्षहरुको समेत राय लिई अदालतले तेस्रो मध्यस्थ नियुक्त गर्नेछ ।

(१०) उच्च अदालतले उपनियम (६) वा (९) बमोजिम मध्यस्थ नियुक्ति सम्बन्धी कारबाहीको टुङ्गो लगाए पछि सो कुराको सूचना सम्बन्धित पक्ष तथा मध्यस्थलाई समेत दिनेछ।

(११) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मध्यस्थको निर्णयबाट नेपाल सरकारलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आर्थिक दायित्व पर्ने अवस्थाको विवादमा मध्यस्थ नियुक्त गर्नु पूर्व उच्च अदालतले नेपाल सरकारको सम्बन्धित मन्त्रालयको प्रतिक्रिया लिन सक्नेछ । यसरी प्रतिक्रिया माग भई आएमा पन्ध्र दिनभित्र सम्बन्धित मन्त्रालयले प्रतिक्रिया पठाउनु पर्छ र सो अवधिभित्र प्रतिक्रिया प्राप्त हुन नआएमा मध्यस्थ नियुक्ति सम्बन्धी निर्णय गर्न बाधा पर्ने छैन।

६. **मध्यस्थको सूची राख्नु पर्नेः** (१) ऐन तथा यस नियमावली बमोजिम मध्यस्थ नियुक्ति गर्ने प्रयोजनको लागि विभिन्न क्षेत्रका मध्यस्थ हुन योग्यता र अनुभव भएका उपयुक्त व्यक्तिहरुको

नाम, थर, टेलिफोन फ्याक्स इमेल सहितको ठेगाना, पेशा, शैक्षिक योग्यता र विशेषज्ञताको क्षेत्र समेतका विवरण खुलाई प्रत्येक वर्ष रजिष्ट्रारले सूची तयार गर्नेछ ।

(२) उपनियम (१) बमोजिम मध्यस्थ हुने व्यक्तिहरुको सूची तयार गर्दा आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र वा बाहिरका ■नेपालका कुनै व्यापारिक, प्राविधिक, औद्योगिक प्रतिष्ठान एवं मध्यस्थताको काम कारबाहीसँग सम्बन्धित सङ्घ संस्थाको सहयोग लिन सकिनेछ ।

(३) उपनियम (१) बमोजिम तयार गरिने सूचीमा आफ्नो नाम समावेश गरी पाउँ भनी कुनै व्यक्तिले निवेदन गर्न सक्नेछ । यसरी निवेदन गर्ने व्यक्ति मध्यस्थ हुन योग्य देखिएमा निजको नाम समेत मध्यस्थ हुने व्यक्तिहरुको सूचीमा समावेश गर्न सकिने छ ।

(४) उपनियम (१) बमोजिम रजिष्ट्रारले तयार गरेको विवरण सहितको सूची उच्च अदालतको पूर्ण बैठकमा पेश गरी सो बैठकबाट स्वीकृत भए पछि त्यस्तो सूची अन्तिम रुपमा तयार भएको मानिने छ । यसरी तयार भएको सूची सर्वोच्च अदालतमा अभिलेखका लागि पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम मध्यस्थ हुने व्यक्तिहरुको सूची स्वीकृत गर्दा त्यस्ता व्यक्तिहरुको योग्यता, अनुभव, आचरण, निष्पक्षता, इमान्दारिता र प्रतिष्ठा समेतका कुराहरु उपर विचार गर्नु पर्छ ।

७. **मध्यस्थलाई हटाउने सम्बन्धी उजूरी र कारबाही** : (१) कुनै मध्यस्थलाई हटाउने विषयमा ऐनको दफा ११ को उपदफा (३) बमोजिम भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले ऐनको दफा ११ को उपदफा (४) बमोजिम निर्णयको जानकारी पाएको मितिले तीस दिनभित्र उच्च अदालतमा उजूरी दिन सक्नेछ । त्यस्तो उजूरीमा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) उजूरकर्ता र विपक्षीको नाम, थर, वतन, कारोबारको ठेगाना सहित सूचना तामेल गर्न सहायक हुने अन्य विवरण,

(ख) हटाउन खोजेको मध्यस्थको नाम र वतन,

(ग) ऐनको दफा ११ को उपदफा (३) बमोजिम भएको निर्णयको संक्षिप्त विवरण,

(घ) हटाउनु पर्ने कारण र प्रमाण,

■ पहिलो संशोधनद्वारा संशोधित ।

(ङ) सम्झौताको प्रतिलिपि र ऐनको दफा ११ को उपदफा (३) बमोजिम भएको निर्णयको प्रमाणित प्रतिलिपि संलग्न छ भन्ने कुरा ।

(२) उपनियम (१) बमोजिम परेको उजूरीको प्रारम्भिक सुनुवाई गर्दा मध्यस्थको काम कारबाहीमा ऐनको दफा ११ को उपदफा (२) को अवस्था विद्यमान छ भन्ने लागेमा अदालतले मनासिब माफिकको समय दिई सुनुवाईको मिति तोकी विपक्षीलाई उपस्थितिको लागि आदेश जारी गर्नेछ ।

(३) उच्च अदालतले उपनियम (२) बमोजिम सुनुवाईको लागि तोकिएको मितिमा पक्षहरु उपस्थित भए उनीहरुको कुरा समेत सुनी पेश भएका सबुत प्रमाणका आधारमा उजूरीको टुङ्गो लगाउने छ र सो कुराको सूचना मध्यस्थलाई दिनेछ ।

(४) उपनियम (१) बमोजिमको उजूरीको टुङ्गो नलागेसम्म मध्यस्थको कारबाही अघि नबढाउनु भनी मध्यस्थको नाममा अन्तरिम आदेश जारी गरी पाउँ भन्ने माग समेत रहेको अवस्थामा अदालतले उपनियम (३) बमोजिम प्रारम्भिक सुनुवाई गर्दा नै सो बारे पर्याप्त आधार र कारण छ छैन हेरी सो प्रश्नको निरोपण गर्नेछ ।

८. **करारको वैधता र प्रभावकारिता तथा मध्यस्थको क्षेत्राधिकारबारे उजूरी र कारबाही** : (१) ऐनको दफा १६ को उपदफा (१) बमोजिम मध्यस्थले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले सोही दफाको उपदफा (२) बमोजिम उच्च अदालतमा निवेदन दिँदा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछ :-

(क) निवेदक र विपक्षीको नाम, थर, वतन, कारोबारको ठेगाना सहित सूचना तामेल गर्न सहायक हुने अन्य विवरण,

(ख) मध्यस्थको नाम, थर, वतन र कार्यालय रहेको स्थान,

(ग) सम्झौताको संक्षिप्त विवरण,

(घ) मध्यस्थको क्षेत्राधिकार वा करारको वैधता वा प्रभावकारिता के विषयमा जिकिर लिएको हो सो कुरा तथा सो पुष्टि हुने आधार र प्रमाणहरु,

(ङ) प्राप्त गर्न खोजेको उपचार,

(च) ऐनको दफा १६ को उपदफा (१) बमोजिम भएको निर्णयको प्रमाणित प्रतिलिपि र सम्झौताको प्रतिलिपि संलग्न छ भन्ने कुरा ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपनियम (१) बमोजिम परेको उजूरीको प्रारम्भिक सुनुवाई गर्दा मध्यस्थको निर्णय फरक पर्ने देखिएमा सो व्यहोराको पर्चा खडा गरी विपक्षीलाई मनासिब माफिकको समय प्राप्त हुने गरी सुनुवाईको मिति तोकी उपस्थितिको लागि आदेश जारी गर्नेछ ।

(३) उपनियम (२) बमोजिम तोकिएको मितिमा उच्च अदालतले पक्षहरु उपस्थित भए उनीहरुको कुरा समेत सुनी उपलव्ध सबुत प्रमाण हेरी निवेदन परेको मितिले सामान्यतया तीस दिनभित्र कारबाहीको टुङ्गो लगाउने छ र सो कुराको सूचना मध्यस्थलाई दिनेछ ।

९. **<u>अन्तरिम वा अन्तरकालीन आदेश उपरको निवेदन र कारबाही</u>** : (१) ऐनको दफा २१ को उपदफा (२) बमोजिम उच्च अदालतमा दिइने निवेदनमा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछः-

(क) निवेदक र विपक्षीको नाम, थर, वतन, कारोबारको ठेगाना सहित सूचना तामेल गर्न सहायक हुने अन्य विवरण,

(ख) मध्यस्थको नाम, थर, वतन र कार्यालय रहेको स्थान,

(ग) मध्यस्थलाई सुम्पिएको विषयको संक्षिप्त विवरण र मध्यस्थबाट भएका मुख्य मुख्य कार्यको विवरण,

(घ) मध्यस्थले गरेको अन्तरिम वा अन्तरकालीन आदेश सहितको निर्णयको संक्षिप्त विवरण र सो बदर हुनु पर्ने जिकिर, आधार र प्रमाण,

(ङ) प्राप्त गर्न खोजेको उपचार,

(च) ऐनको दफा २१ को उपदफा (१) को खण्ड (छ) बमोजिमको आदेश वा निर्णयको प्रमाणित प्रतिलिपि, अन्य आवश्यक कागजातको प्रमाणित प्रतिलिपि र सम्झौताको प्रतिलिपि संलग्न छ भन्ने कुरा,

(छ) अन्य आवश्यक कुरा ।

(२) उपनियम (१) बमोजिम परेको निवेदनको प्रारम्भिक सुनुवाई हुँदाअदालतले मध्यस्थको आदेश वा निर्णय बदर हुने देखेमा सुनुवाईको मिति तोकी निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो लिखित जवाफ लिई उपस्थित हुनु भनी अर्को पक्षलाई निवेदनको प्रतिलिपि समेत संलग्न गरी आदेश जारी गर्नेछ ।

(३) उपनियम (२) बमोजिम सुनुवाई गर्दा अदालतले मध्यस्थबाट कुनै कुरा खुलाउन वा स्पष्ट गर्न आवश्यक देखेमा समय तोकी सो बमोजिम गर्न मध्यस्थलाई आदेश दिन सक्नेछ।

(४) उपनियम (२) बमोजिम तोकिएको मितिमा अदालतले पक्षहरु उपस्थित भए उनीहरुको कुरा समेत सुनी सबुत प्रमाण हेरी निवेदन परेको मितिले सामान्यतया तीस दिनभित्र कारबाहीको टुङ्गो लगाउने छ र त्यस्तो निर्णयको जानकारी मध्यस्थ र अनुपस्थित पक्ष समेतलाई दिनेछ ।

१०. **<u>प्रमाण बुझ्न अदालतको सहयोग लिने कार्यविधि</u>** : (१) ऐनको दफा २३ बमोजिम प्रमाण बुझ्ने प्रयोजनका लागि अदालतको सहयोग आवश्यक परेमा मध्यस्थले सम्बन्धित जिल्ला अदालत समक्ष लिखित अनुरोध गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गरिने अनुरोधमा निम्न कुरा उल्लेख हुनु पर्नेछ :-

(क) पक्ष विपक्षको नाम, थर र वतन,

(ख) विवादको प्रकृति र मध्यस्थ समक्ष उपचार खोजिएको विषय,

(ग) मध्यस्थ समक्ष विचाराधीन रहेको विवादका सम्बन्धमा जिल्ला अदालतबाट के कस्तो प्रमाण बुझ्ने विषयमा कुन प्रकारको सहयोग आवश्यक परेको हो सो सम्बन्धी कुरा ।

(३) कुनै व्यक्तिसँग कुनै कुरा खुलाई कागज गर्ने कामका लागि जिल्ला अदालतलाई लेखी पठाउँदा सोध्नु पर्ने कुराको स्पष्ट सवाल तयार गरी पठाउनु पर्छ । यसरी सोध्नु पर्ने सवाल खुलाई लेखी आएमा जिल्ला अदालतले प्रचलित कानून बमोजिमको कार्यविधि अपनाई त्यस्ता व्यक्तिलाई झिकाई सवाल बमोजिमको जवाफ खुलाई पठाई दिनु पर्छ ।

(४) उपनियम (२) बमोजिमको निवेदन पर्न आएमा निवेदनको प्रकृति हेरी जिल्ला अदालतले सम्बन्धित व्यक्तिलाई स्वयं मध्यस्थ समक्ष उपस्थित भै बयान दिन वा मध्यस्थको निर्णयमा तात्विक असर पार्ने किसिमको निजको जिम्मामा रहेको कुनै प्रमाणको लिखत पेश गर्नु पर्ने रहेछ भने सो पेश गर्न वा अन्य कुनै आवश्यक काम कुरा गर्न वा मध्यस्थ समक्ष उपस्थित भै बयान दिन वा प्रमाणका कुनै लिखत पेश गर्न आदेश दिन सक्नेछ ।

(५) उपनियम (३) वा (४) बमोजिम जिल्ला अदालतले दिएको आदेश पालन नगर्ने व्यक्तिलाई अदालतले आफ्नो अवहेलनामा प्रचलित कानून बमोजिम कारबाही र सजाय गर्न सक्नेछ ।

## परिच्छेद-४

## <u>निर्णय बदर तथा कार्यान्वयन सम्बन्धी व्यवस्था</u>

११. **<u>मध्यस्थको निर्णय उपरको निवेदन र कारबाही</u>** : (१) ऐनको दफा ३० को उपदफा (१) बमोजिम उच्च अदालतमा निवेदन दिँदा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछ :-

(क) निवेदक र विपक्षीको नाम, थर, वतन, कारोबारको ठेगाना सहित सूचना तामेल गर्न सहायक हुने अन्य विवरण,

(ख) मध्यस्थको नाम, थर र कार्यालय रहेको स्थान,

(ग) मध्यस्थलाई निर्णयको लागि सुम्पिएको विषय,

(घ) मध्यस्थबाट भएको निर्णयको संक्षिप्त विवरण,

(ङ) मध्यस्थबाट भएको निर्णय बदर हुनु पर्ने वा पुनः निर्णय गरिनु पर्ने के हो सो कुरा,

(च) ऐनको दफा ३० को उपदफा (२) मा उल्लिखित कुन आधारमा मध्यस्थको निर्णय बदर हुनु पर्ने वा पुनः निर्णय हुनु पर्ने हो सो कुरा र त्यसको आधार तथा प्रमाण,

(छ) ऐनको दफा ३० को उपदफा (१) बमोजिम निवेदनको प्रतिलिपि मध्यस्थ र सम्बन्धित पक्षलाई दिइएको छ भन्ने कुरा,

(ज) निवेदन साथ मध्यस्थको निर्णय, अन्य आदेशको प्रमाणित प्रतिलिपि तथा मध्यस्थतासँग सम्बन्धित सम्झौताको प्रतिलिपि संलग्न रहेको कुरा ।

(२) उपनियम (१) बमोजिम परेको निवेदनको प्रारम्भिक सुनुवाई हुँदा निवेदनमा उल्लिखित दाबी प्रमाणित हुन सक्ने देखिएमा अदालतले सम्बन्धित मिसिल झिकाई विपक्षीलाई सात दिनको म्याद दिई छलफलमा उपस्थित हुन आदेश जारी गर्नेछ । यस्तो म्यादमा उपस्थित हुँदा विपक्षीले चाहेमा लिखित प्रतिवाद प्रस्तुत गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम विपक्षी झिकाइएकोमा विपक्षी उपस्थित भएपछि वा उपस्थित हुने म्याद भुक्तान भएपछि अदालतले सामान्यतया पन्ध्र दिनभित्र उपनियम (१) बमोजिम परेको निवेदनको टुङ्गो लगाउने छ ।अदालतले त्यस्तो निर्णयको जानकारी मध्यस्थ र अनुपस्थित पक्षलाई समेत दिनेछ।

१२. <u>निर्णय कार्यान्वयनको लागि निवेदन दिने</u> : (१) ऐनको दफा ३२ बमोजिम मध्यस्थको निर्णय कार्यान्वयनका लागि निवेदन दिँदा जिल्ला अदालतको तहसिल शाखामा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने निवेदनमा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) निवेदक र विपक्षीको नाम थर, वतन, कारोबारको ठेगाना सहित सूचना तामेल गर्न सहायक हुने अन्य विवरण,

(ख) मध्यस्थको नाम, थर र कार्यालय रहेको स्थान,

(ग) मध्यस्थलाई निर्णयको लागि सुम्पिएको बिषय,

(घ) मध्यस्थले निर्णय गरेको मिति, निर्णयको व्यहोरा र कायम भएको बिगो,

(ङ) निर्णयले कायम गरेको बिगो कुनै चल, अचल सम्पत्तिबाट असुल उपर हुनु पर्ने भन्ने माग भएमा सोको स्पष्ट विवरण,

(च) ऐनको दफा २१ बमोजिम मध्यस्थबाट अन्तरिम वा अन्तरकालीन आदेश जारी गरी कुनै जमानत वा बैंक ग्यारेन्टी लिइएको वा कुनै रकम धरौट लिइएकोमा सोबाट बिगो असुल उपर हुनु पर्ने माग भए सो सम्बन्धी स्पष्ट विवरण,

(छ) मध्यस्थको निर्णयको प्रमाणित प्रतिलिपि र निर्णयको सूचना पाएको मिति खुलेको निस्सा संलग्न रहेको कुरा,

(ज) मध्यस्थको निर्णय अन्तिम रहेको छ भन्ने कुरा ।

(३) उपनियम (२) बमोजिम निवेदन परेमा जिल्ला अदालतले मध्यस्थको निर्णय अन्तिम भएको छ वा छैन बुझी अन्तिम भएकोमा सम्बन्धित मिसिल झिकाई निर्णय बमोजिमको लगत आफ्नो मूल लगत किताबमा दर्ता गरी राख्नु पर्नेछ ।

(४) मध्यस्थको निर्णय कार्यान्वयन गर्दा जिल्ला अदालतले आफ्नो फैसला सरह कार्यान्वयन गर्नेछ ।

१३. **<u>विदेशमा भएको निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्था</u>** : (१) ऐनको दफा ३४ को उपदफा (१) बमोजिम विदेशमा भएको निर्णय कार्यान्वयन गराउन चाहने पक्षले उच्च अदालतमा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा ऐनको दफा ३४ को उपदफा (१) मा उल्लिखित लिखतहरुको अतिरिक्त देहायका कुराहरु उल्लेख गर्नु पर्छ :-

(क) विपक्षीको नाम, थर, वतन, कारोबारको ठेगाना सहित सूचना तामेल गर्न वा पत्राचार गर्न सहायक हुने टेलिफोन, फ्याक्स, इमेल जस्ता विद्युतीय सञ्चार सम्पर्क ठेगाना सहितको विवरण,

(ख) ऐनको दफा ३४ को उपदफा (२) मा उल्लिखित शर्तहरु पूरा भएका छन् भन्ने कुरा,

(३) उपनियम (१) बमोजिम परेको निवेदनको प्रारम्भिक सुनुवाई हुंदा विदेशमा भएको मध्यस्थको निर्णय कार्यान्वयन हुनु पर्ने देखिएमा अदालतले सो निर्णय कार्यान्वयन हुनु नपर्ने कुनै कारण भए बाटाका म्याद बाहेक नब्बे दिनभित्र लिखित प्रतिवाद साथ उपस्थित हुनु भनी विपक्षीका नाममा सूचना जारी गर्नेछ ।

(४) उपनियम (३) बमोजिम विपक्षी झिकाइएकोमा विपक्षी उपस्थित भएपछि वा उपस्थित हुने म्याद भुक्तान भएपछि उच्च अदालतले सामान्यतया दश दिनभित्र सुनुवाई गरी ऐनको दफा ३४ को उपदफा (२) मा उल्लिखित शर्तहरु पूरा भएको देखिएमा मध्यस्थको निर्णय कार्यान्वयन गर्नु भन्ने आदेश सहित सक्कलै मिसिल सम्बन्धित जिल्ला अदालतमा तत्कालै पठाउने छ।

(५) उपनियम (४) बमोजिमको आदेश प्राप्त भएपछि जिल्ला अदालतले यस नियमावलीमा गरिएका व्यवस्था अनुसार विदेशमा भएको मध्यस्थको निर्णय ■नेपालभित्र मध्यस्थबाट भएको निर्णय सरह कार्यान्वयन गर्ने गराउने छ ।

## परिच्छेद-५

## विविध

१४. **तारिखमा राखी कारबाही गर्ने** : (१) उच्च अदालतले ऐन तथा यस नियमावली बमोजिम निवेदन वा उजूरी दर्ता भएपछि निवेदक वा उजूरकर्तालाई र प्रतिवाद वा लिखित जवाफ दर्ता भएपछि विपक्षीलाई समेत तारिखमा राखी विवादको सुनुवाई गर्नेछ । त्यसरी अदालतले पक्षलाई तारिख तोक्दा के कामको लागि तारिख तोकिएको हो भन्ने कारण स्पष्ट खोली तारिख दिने र मिसिल संलग्न तारिख भरपाईमा समेत सो व्यहोरा जनाई राख्नेछ।

■ पहिलो संशोधनद्वारा संशोधित ।

(२) अदालतले तोकेको तारिखको दिन निवेदक वा उजूरवाला उपस्थित नभै तारिख गुजारेमा पनि निजको कानून व्यवसायी उपस्थित भई उजुरी वा निवेदन उपर कारबाही चलाउन चाहेमा अदालतले सुनुवाई र निर्णय गर्न बाधा पर्ने छैन।

(३) अदालतले तोकेको म्याद वा तारिखको दिन कुनै पक्ष काबूभन्दा बाहिरको अवस्था परी अनुपस्थित भएमा बाटाका म्याद बाहेक सात दिनभित्र गुज्रेको म्याद वा तारिख थामी पाउँभनी निवेदन गरेमा अदालतले एक पटकका लागि बढीमा सात दिन गुज्रेको म्याद वा तारिख थामी दिन सक्नेछ ।

(४) अदालतले तोकेको तारिखको दिन पक्ष, निजको वारिस वा कानून व्यवसायी उपस्थित नभै तारिख गुजारी बसेको अवस्थामा थाम्न पाउने म्याद नाघेपछि त्यस्तो निवेदन वा उजूरी तामेलीमा राखिने छ ।

१५. **<u>म्याद तामेल सम्बन्धी व्यवस्था</u>** : (१) अदालतद्वारा ऐन तथा यस नियमावली बमोजिम कुनै पक्षलाई तामेल गराउनु पर्ने म्याद वा सूचना सम्बन्धित पक्षले मुकरर गरेको कानून व्यवसायी वा पक्षले सो कामको लागि अख्तियार दिएको व्यक्तिलाई बुझाउन सकिने छ । त्यसरी म्याद वा सूचना बुझाइएकोमा सम्बन्धित पक्षलाई बुझाए सरह मानिने छ ।

(२) अदालतबाट स्वदेश वा विदेशमा रहेको पक्षको नाममा कुनै सूचना वा म्याद पठाउनु परेमा ऐनको दफा २० को उपदफा (१) मा उल्लिखित प्रक्रियाबाट म्याद पठाइने छ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा रहेको कुनै पक्षलाई म्याद तामेल गर्नु पर्दा सो देशको कानूनले निर्धारण गरेको प्रक्रिया बमोजिमको कार्यविधि अपनाई सो पक्षको नाममा म्याद पठाउन सकिने छ । त्यसरी म्याद तामेल भएमा पनि ऐनको दफा २० बमोजिम तामेल भएको मानिने छ ।

१६. **<u>काम कारबाहीको प्रतिवेदन</u>** : उच्च अदालतले ऐन तथा यस नियमावली बमोजिम गरेको कार्यको अभिलेख राखी सो कुरा वार्षिक प्रतिवेदनमा समावेश गरी सर्वोच्च अदालतमा पठाउनु पर्नेछ ।

१७. **<u>सुनुवाई नरोकिने</u>** : ऐन वा यस नियमावली बमोजिम दर्ता भएका निवेदन वा उजूरी उपरको सुनुवाईमा अदालतले उपस्थितिको लागि कुनै पक्षलाई सूचना जारी गरेकोमा सो पक्ष वा निजको कानून बमोजिमको प्रतिनिधि वा निजको कानून व्यवसायी उपस्थित नभएमा सोही कारणले मात्र मुद्दाको सुनुवाई रोकिने छैन ।

१८. **निवेदन वा उजूरीको सुनुवाई** : यस नियमावलीको नियम ५ को उपनियम (३) बमोजिम अर्को पक्षलाई झिकाउने विषयको सुनुवाई उच्च अदालतका एक न्यायाधीशको इजलासबाट हुनेछ। सो बाहेक ऐन तथा यस नियमावली बमोजिम उच्च अदालतमा दर्ता हुने सबै किसिमका निवेदन तथा उजूरी उपरको सुनुवाई संयुक्त इजलासबाट हुनेछ ।

१९. **निर्णयको अनुवाद पेश गर्ने** : ऐन वा यस नियमावली बमोजिम मध्यस्थको निर्णय पेश गर्नु पर्ने स्थितिमा सो निर्णय नेपाली बाहेक अन्य भाषामा लेखिएको भएमा त्यस्तो निर्णय साथ नेपाली भाषाको प्रमाणित अनुवाद पेश गर्नु पर्नेछ ।

२०. **अभिलेख सम्बन्धी व्यवस्था** : (१) ऐन र यस नियमावली बमोजिम झिकाइएका मिसिल तथा प्राप्त हुन आएका कागजहरु व्यवस्थित तरिकाले राख्ने, अभिलेखको संरक्षण गर्ने, पत्राचार गर्ने, मिसिल पठाउने आदि कार्यहरु उच्च अदालतको हकमा रजिष्ट्रारले र जिल्ला अदालतको हकमा श्रेस्तेदारले गर्नेछ ।

(२) ऐनको दफा ४२ को उपदफा (२) बमोजिम मध्यस्थबाट मिसिल पठाउंदा जिल्ला अदालतको अभिलेख शाखामा पठाउनु पर्नेछ ।

२१. **दस्तूर भराइ दिने** : ऐनको दफा ४१ को उपदफा (२) बमोजिम कुनै पक्षले मध्यस्थको निर्णय कार्यान्वयन गराउने क्रममा बुझाएको दस्तूर अर्को पक्षबाट भराई पाउँ भनी निर्णय कार्यान्वयन भएको मितिले कोर्ट फी ऐन, २०१७ को म्यादभित्र निस्सा प्रमाण राखी जिल्ला अदालतको तहसिल शाखामा निवेदन दिन सक्नेछ । त्यसरी निवेदन पर्न आएपछि जिल्ला अदालतले देवानी मुद्दामा अपनाएको प्रक्रिया अपनाई प्रचलित कानून बमोजिम कोर्ट फी सरह सो दस्तुर भराई दिनेछ ।

२२. **अदालतमा दायर भएका मुद्दामा मध्यस्थता** : (१) ऐनको दफा ३ को उपदफा (२) बमोजिम अदालतमा दायर भएको प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने व्यापारिक प्रकृतिको देवानी मुद्दामा मध्यस्थताद्वारा समाधान गरी पाउँ भनी दुवै पक्षले मुद्दा दायर रहेको अदालतमा संयुक्त निवेदन दिन सक्नेछन् ।

(२) उपनियम (१)बमोजिम निवेदन दिंदा पक्षहरुले देहायका कुराहरु उल्लेख गर्नु पर्छ :-

(क) मुद्दाको संक्षिप्त विवरण,

(ख) मध्यस्थ हुने व्यक्तिको नाम, थर र वतन,

(ग) मध्यस्थ हुने व्यक्तिमा ऐनको दफा १० मा उल्लिखित अयोग्यता छैन भन्ने कुरा,

(घ) मध्यस्थबाट निकालिएको समाधान आफूहरुलाई मन्जुर हुने कुरा ।

(३) उपनियम (२) बमोजिमको निवेदन दर्ता भएपछि सो निवेदन इजलास समक्ष पेश गरिनेछ । इजलासले दुबै पक्षको कुनै मौखिक जिकिर भए सो समेत सुनी ऐनको दफा ४ को उपदफा (२) को अवस्था विद्यमान रहे वा नरहेको कुरा समेत विचार गरी सो मुद्दा मध्यस्थद्वारा मिलापत्र गराउनको लागि पठाउन आदेश दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम मध्यस्थद्वारा मिलापत्र भएकोमा मिलापत्र बमोजिम गरिदिएन भन्ने वाहेक कुनै कुराको उजूर लाग्ने छैन ।

२३. **नियमावली बमोजिम हुने** : यस नियमावलीमा उल्लेख भए जति कुरामा यसै नियमावली बमोजिम हुनेछ । सो वाहेक अन्य कुराका हकमा उच्च अदालतले अपनाउनु पर्ने अन्य कार्यविधिको हकमा [५]पुनरावेदन अदालत नियमावली, २०४८ बमोजिम र जिल्ला अदालतले अपनाउनु पर्ने कार्यविधिको हकमा जिल्ला अदालत नियमावली, २०५२ बमोजिम हुनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

[५] हाल उच्च अदालत नियमावली, २०७३ लागू भएको ।

**द्रष्टव्य:** (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :–
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(२) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरु :–
"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।